| २०७७ बैशाख १ देखि साउन १८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १६६ | ४४ | १४४ | ७ | १२ | ३ | ४७ | ० | १६१ | **२२८** | **५६** | **३०८** |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १६४ | ४४ | १४३ | ५ | ११ | १ | १७ | ० | ४२ | **१८६** | **५५** | **१८६** |

# दैनिक विपद् बुलेटिन

१८ साउन विहान १०:०० बजेदेखि १९ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **५** स्थानमा **आगलागी,** ४ स्थानमा **पहिरो र** २ स्थानमा **अबिरल वर्षाका** घटना घटेका छन् । त्यस्तै एउटा ढुंगा खस्ने घटना भएका छन् ।

यी घटनामा परेर ६ जनाको **मृत्यु,** ६ **जना वेपत्ता र** १ जना **घाईते** भएका छन् । **पहिरो**का कारण २ स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ६ | ६ | १२ | १ | ६२,५००० | २ | ० |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का १२ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को मेलम्ची न.पा.- ११ स्थित गैराबगरमा **पहिरो** आई निर्माणाधिन कबडहलमा काम गर्ने लेवर बस्ने जस्ताले छाएको टहरो आधा भाग पुरिई **दुइ जनाको** मृत्यु, ६ **जना वेपत्ता** र **एक** जना **घाइते** ।
- **सिन्धुपाल्चोक**को पाँचपोखरी थाङ्गपालधाम गा.पा- २ बरुवा स्थित एक घर माथिबाट **पहिरो** आई बगाउँदा **दुइ जना**को घटना स्थलमा **मृत्यु**
- **कास्की**को पोखरा म.न.पा.- ६ लेकसाईड स्थित एक घरमा पार्किङ गरी राखेको स्कुटरमा अचानक **आगलागी** हुँदा स्कुटर जली **पुर्णरुपमा क्षती** भई घरको १ वटा ढोका समेत जलेको ।
- **बाँके**को कोहलपुर न.पा.- ११ बसपार्क स्थित एक ब्युटी पार्लरको सटरमा पुजा गर्न बनाईएको सानो प्लाईबोर्डको मन्दिरमा बालिएको बत्तीबाट अचानक **आगलागी** हुँदा कोठामा रहेका लत्ता कपडा, कस्मेटिक सामान, ड्राई मेसिन, आईरन मेसिन ,आल्मुनियमको बार जली **१ लाख ५५ हजार** क्षति ।
- **बारा**को सिम्रौनगढ न.पा.- १० देवापुर टेटा स्थित एक गोठघरमा **आगो** सल्किई गोठघरमा रहेको ३ वटा भैसीको **मृत्यु** र ३ लाखको क्षति।

- **रौतहट**को परोहा न.पा.- ७ स्थित नरकटिया टोलमा रहेको कच्ची गोठघर **अबिरल** बर्षाको कारण पूर्णरुपमा भत्किदा गोठघर भित्र सुतिरहेको अवस्थामा **एक जना**को **मृत्यु** र ७० हजार क्षति ।
- **गोरखा**को धार्चे गा.पा.- १ स्थित तातोपानी माथिको **भिरबाट ढुङ्गा खस्न** गई आरुघाट लार्के सडकखण्डमा काम गरिरहेका **एक जना कामदार**को टाउकोमा लागि घटनास्थलमा **मृत्यू** ।
- **रोल्पा**को सुनिलस्मृती गा.पा.- २ स्थितमा रहेको स्वास्थ्य चौकी खुङ्ग्रीमा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा कम्प्युटरको डेस्कटप, वाईफाईको राउटर जलि क्षति भएको ।
- **नवलपरासी**को बर्दघाट न.पा.- १५ स्थित एक घरमा **अविरल बर्षा**सँगै नालाको पानी पसी घर भासिई दलिन भाँचीदा **एक लाख क्षति** ।
- **इलाम**को इलाम न.पा - १० गोधक स्थित मेची राजमार्गमा ईलामबाट फिक्कल तर्फ आउदै गरेको मारुती भ्यानमा अचानक वाईरिङ सट भई **आगलागी** हुँदा भ्यान पुर्णरुपमा जली नष्ट । मानविय क्षति केही नभएको।

## बाटो अवरोध

- सरूमारानी गाउँपालिका वडा नं. ४ स्थित **भालुबाङ-रोल्पा सडक खण्ड**मा बर्षाका कारण **पहिरो** आई **बाटो पूर्णरूपमा अबरोध** भएको ।
- ओखलढुङगा जिल्लाको दुधकुण्ड नगरपालिका वडा नं. ११ साल्मे स्थित **सोलु- सडक खण्ड**मा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** खसी **बाटो अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट **पहिरो**मा परि **घाइते** भएका व्यक्तिको **उद्धार** गरी उपचारका लागि अस्पताल पठाएको, **पहिरो**मा परि **वेपत्ता** भएकाको खोजी भइरहेको र **आगलागी**का घटनामा स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र **पहिरो**बाट **अबरुद्ध** भएको **बाटो** खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन १८ गते बिहान ०८:४५ बजे देखि साउन १९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१९ गते बिहान ०८:४५ बजे १५८ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५६ र स्वचालितः १०२) मा मापन गरिएको वर्षाको विवरण अनुसार ११३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१६९.८ मि. मी.) सिन्धुपाल्चोक जिल्लाको धाप केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ११ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २५ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ३८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान <u>श्रावण-१९ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>

- **आज कोशी,नारायणी,कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने । आज कोशी, महाकाली र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र केहि स-साना सहायक नदीमा बहाव सतर्कता आसपास हुने पुर्वानुमान छ । आज कोशीका मुख्य सहायक नदीहरु तमोर र सुनकोशीमा बहाब सतर्कता सम्म पुग्न सक्ने ।**
- **आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने। आज कमला, बागमती, पश्चिम राप्ती, बबईका केहि स-साना नदीमा बहाब बढ्ने र केहिमा आकस्मिक बहाव भई सतर्कता सम्म पुग्न सक्ने ।**
- **आज ईलाम,धुनकुटा,खोटाङ,भोजपुर, सङ्खुवासभा,ओखलढुङगा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा,रामेछाप, काभ्रेपलाञ्चोक,नुवाकोट,काठमाण्डौ उपत्यका, रसुवा, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङजा, कास्की, पर्वत, बागलुङ,गुल्मी, म्याग्दी,पाल्पा, नवलपरासी, चितवन, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, रुकुम, सुर्खेत, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, दार्चुला, डोटी, बाजुरा र आसपास भई बहने साना नदीमा बहाव बढ्ने तर केहि साना नदीमा आकस्मिक बहाव भई सतर्कता आसपास पनि पुग्न सक्ने पूर्वानुमान रहेको छ ।**
- **<u>नोट :</u>पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः [http://hydrology.gov.np/](http://hydrology.gov.np/)**